सम्पर्क नं. : ०२५५४००२४

दुहबी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०८०/८१
च. नं. :- 2009

मितिः २०८१।०३।२५

श्री सामुदायिक तथा संस्थागत विद्यालय
(माध्यमिक तह सञ्चालित सबै)
दुहवी नगरपालिका, सुनसरी ।

विषयः अतिरिक्त कक्षा अनिवार्य सञ्चालन गर्ने बारे ।

प्रस्तुत विषयमा माध्यमिक शिक्षा परीक्षा (SEE) २०८० मा नन् ग्रेड कायम भएका सबै विद्यार्थीहरुका लागि **ग्रेड वृद्धि परीक्षा लक्षित अतिरिक्त कक्षाहरु अनिवार्य रुपले सञ्चालन**को प्रबन्ध गर्ने साथै निम्न अनुसरका कक्षाहरुमा आ-आफ्ना विद्यालयका विद्यार्थीहरुलाई सहभागि गराउने प्रवन्ध गर्नुहुन जनाकारीका लागि अनुरोध छ ।

१. नेपाल टेलिभिजन तथा रेडियो नेपालबाट मिति २०८१।०३।१७ गते बाट सञ्चालन भइरहेका विभिन्न विषयका ग्रेड वृद्धि परीक्षा लक्षित कक्षाहरुमा यसै पत्र साथ संलग्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सूचना अनुसारका समयमा सहभागी गराउने ।
२. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको nced virtual (www.youtube.com/nced) youtube channel मा रहेका सामग्रीहरुको प्रयोग गर्न विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने ।

विकास
२०८१।०३।२५

विकास घिमिरे
अधिकृत आठौं (शिक्षा)

# माध्यमिक शिक्षा परीक्षा (एसइई) को ग्रेड वृद्धि परीक्षामा सहभागी हुने विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन सम्बन्धमा शिक्षा तथा तथा मानवस्रोत विकास केन्द्रको अत्यन्त जरुरी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ५६३ मिति २०८१।०३।१४ को पत्रबाट उल्लेख भई आएबमोजिम २०८१ साउन महिनामा हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) को ग्रेड वृद्धि (पूरक) परीक्षामा गत २०८० चैतमा सञ्चालित परीक्षाको नतिजामा ग्रेड कायम नभएका सबै विषयमा विद्यार्थीहरू सहभागी हुने व्यवस्था मिलाइएकोले त्यस्ता विद्यार्थीहरू लक्षित शिक्षण सिकाइसम्बन्धी देहायअनुसारका कार्यहरू गर्नु/गराउनुहुन अनुरोध छ।

१) ग्रेड वृद्धि परीक्षामा सहभागी हुने सबै विद्यार्थीका लागि सबै विद्यालयले नियमित पठनपाठनसँगै परीक्षा लक्षित सहयोग, सहजीकरण र अतिरिक्त कक्षा सञ्चालन अनिवार्य रूपमा सञ्चालन गर्ने। यसरी सञ्चालन भएको कक्षाको जानकारी नियमित रूपमा स्थानीय तह र शिक्षा विकास तथा समन्वय एकाइमा गराउने।

२) शिक्षा विकास तथा समन्वय एकाइले जिल्लाभर सञ्चालित ग्रेड वृद्धि परीक्षा लक्षित कक्षाहरूको अनुगमन, सहजीकरण र केन्द्रमा नियमित जानकारीको व्यवस्था मिलाउने।

३) स्थानीय तहले यसरी विद्यालयबाट सञ्चालन हुने अतिरिक्त कक्षा सञ्चालनका लागि अनुगमन, समन्वय लगायतका कार्यहरूको प्रबन्ध मिलाउनुहुन अनुरोध छ। साथै यस कार्यमा नेपाल शिक्षक महासंघ, प्याब्सन, एन प्याब्सन, शिक्षकका पेसागत/विषयगत संघ संस्था, शिक्षा क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, नागरिक समाज, अभिभावक, सञ्चारमाध्यम एवं सम्पूर्ण सरोकारवालाहरूलाई समन्वय एवं सहजीकरणका लागि समेत अनुरोध छ।

४) यस केन्द्रको need virtual (www.youtube.com/need) युट्युब च्यानलमा रहेका सामग्रीहरूको प्रयोग गर्न विद्यार्थी एवं अभिभावकहरूलाई प्रोत्साहित गर्नुहुन समेत अनुरोध छ। साथै नेपाल टेलिभिजन एवं रेडियो नेपालसँगको सहकार्यमा यस केन्द्रबाट सञ्चालन हुँदै आएका कार्यक्रमलाई तपसिल बमोजिम एसइईको ग्रेडवृद्धि परीक्षाका सहभागी केन्द्रित गर्न देहायबमोजिम प्रसारण हुने भएकोले यी कार्यक्रमहरू हेर्न/सुन्न र त्यसबाट अधिकतम फाइदा लिन सम्बन्धित सबै विद्यार्थीलाई जानकारी गराउनुहुन समेत अनुरोध छ।

| नेपाल टेलिभिजन | | | | रेडियो नेपाल | |
|---|---|---|---|---|---|
| बिहान | | साँझ | | साँझ | |
| ६:०० | अङ्ग्रेजी | ४:३० | सामाजिक | ५:१५ | गणित |
| ६:४० | गणित | ५:१० | विज्ञान | ५:३० | सामाजिक |
| ७:२० | विज्ञान | ५:५० | गणित | ८:२५ | विज्ञान |
| ७:५५ | सामाजिक | ६:२५ | अङ्ग्रेजी | ८:४० | अङ्ग्रेजी |

**प्रसारण समय : २०८१ असार १७ गते सोमबारदेखि ग्रेडवृद्धि परीक्षा सुरुवात हुने अघिल्लो दिनसम्म**

पुनश्च : यस कार्यमा प्रदेश सरकार, स्थानीय तह, नेपाल शिक्षक महासंघ, PABSON, NPABSON, शिक्षकका पेसागत/विषयगत संघ संस्था, शिक्षा क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, नागरिक समाज, अभिभावक एवं सम्पूर्ण सरोकारवालाहरूलाई समन्वय एवं सहजीकरणका लागि समेत अनुरोध छ।

CS Scanned with CamScanner